# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर १६ गते २०४३ साल (संख्या ३३

## भाग ३

### श्री ५ को सरकार
### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११.२१ ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्चायत सचिवालयको स्थानीय विकास अधिकारी-हरूलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गरेको छ।

खण्ड २८ मिति २०३५।६।३ संख्या ३५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालीन प्रशासन व्यवस्था विभागको सूचनाको क्रमसंख्या ११ झिकिएको छ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

४८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कृषि मन्त्रालयका सचिव श्री अकुरनरसिंह राणा रिजनल नेटवर्क फर एग्रिकल्चरल टुलसको नवौं गभर्निङ बैठकमा भागलिन इन्डोनेशियाको बाली सुरायाा जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री इन्द्रराज मिश्रलाई मिति २०४३।८।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४३।७।१३ को निर्णयानुसार नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राङ्कित तृतीय श्रेणीको देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ।

| क्र.सं. | नाम, थर | साबिक पद, पद संकेत र कार्यालय | हाल सरुवा भएको पद, पद संकेत र कार्यालय |
|---|---|---|---|
| १. | श्री त्यात्र्या नोर्वु शेर्पा | सहायक वन्यजन्तु संरक्षण अधिकृत, नं.व.रा.व.सं. वि. ०७।४ सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय। | सहायक वन्यजन्तु संरक्षण अधिकृत नं.व.रा.व.सं. वि. ०७।१४ ढोरपाटन शिकार आरक्ष कार्यालय। |
| २. | श्री निमावाङ्चु शेर्पा | सहायक वन्यजन्तु संरक्षण अधिकृत नं.व.रा.व.सं. वि. ०७।१४ ढोरपाटन शिकार आरक्ष कार्यालय। | सहायक वन्यजन्तु संरक्षण अधिकृत नं.व.रा.व.सं. वि. ०७।४ सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय। |

आज्ञाले,
बोधनाथ अधिकारी
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।